# बन्दीपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८२।१२।०४,बुधबार | बैठक संख्याः१३ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरूङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | मिनराम परियार |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |
| १६. | भिम प्रसाद लामिछाने | | |

एजेन्डाहरूः

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १ | आमा समूह गठन तथा परिचालन कार्यविधि सम्बन्धमा। |
| २ | ग्रामीण पर्यटन बन्दीपुर भ्रमण वर्ष २०२६ कार्यविधि सम्बन्धमा। |
| ३ | जलवायु परिवर्तन तथा विपत जोखिम व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना बारे। |
| ४ | साना सिँचाइ बारे। |
| ५ | विविध। |

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

एजेन्डाहरू:

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| ६. | ग्रामिण पर्यटन भ्रमण वर्ष वन्दीपुर-२०२६ सम्बन्धमा । |
| ७. | कार्ययोजना पास सम्बन्धमा । |
| ८. | वडा न. २ व्यवस्थापन सम्बन्धमा । |
| ९. | पवित्रा मा.वि को छात्रवृत्ति सम्बन्धमा । |
| १०. | वजेट माग गर्ने सम्बन्धमा । |
| ११. | गणक नियुक्त सम्बन्धमा । |
| १२. | गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण वारे । |
| १३. | सार्वजनिक सुनुवाइ सम्बन्धमा । |
| १४. | खानेपानी सुविधा सम्बन्धमा वडा नं. १ । |
| १५. | आर्थिक सहयोग सम्बन्धमा । |
| १६. | CKBK क्याम्पसको छात्रवृत्ति सम्बन्धमा । |
| १७. | शिक्षा समिति विद्यालय सम्बन्धमा । |
| १८. | खानेपानी सरसफाई स्वस्च्छता सम्वन्धि गणक सम्बन्धमा । |
| १९. | गरिब परिवार पहिचान गर्ने परिवारको तथ्याङ्क संकलन सम्बन्धमा । |

बन्दीपुर गाउँपालिका

कार्यपालिका वैठकको निर्णयहरु:

मिति २०८२/१२/०४

| नि.नं. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **अघिल्लो वैठकको समीक्षा ।** | अघिल्लो वैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो । |
| २. | **ग्रामिण पर्यटन भ्रमण वर्ष वन्दीपुर-२०२६ सम्वन्धमा ।** | ग्रामिण पर्यटन भ्रमण वर्ष वन्दीपुर- २०२६ कार्यक्रम संञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८२ पारित गर्ने निर्णय गरियो । |
| ३. | **कार्ययोजना पास सम्वन्धमा ।** | जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना पारित गर्ने निर्णय गरियो । |
| ४. | **वडा न. २ व्यवस्थापन सम्वन्धमा ।** | (१) वडा नं. २ कार्यालय खानेपानी व्यवस्थापनका लागि तपशिल वमोजिम सामग्रि खरिद गर्ने निर्णय गरियो ।<br>१ इन्च १५० M<br>१६ MM पाइप ४०० M<br>ट्याङ्की- २००० ली.<br>बन्दीपुर गाउँपालिका वडा नं. १ उपल्लोफाँट ज्यामीरे खोल्सि, खानेपानी सुविधाको लागि ८ कोइल १ इन्चको पाइप "पाईप खरीद" शिर्षक वाट खरीद गर्ने निर्णय गरीन्छ । |

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

<table>
<tr><td>५.</td><td>पवित्रा मा.वि को छात्रवृत्ति।</td><td>बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा शिक्षा युवा तथा खेलकुद शाखामा विनियोजित गरिब तथा जेहन्दार छात्रावृत्ति व्यवस्थापन तथा पवित्रा माध्यमिक विद्यालय सिभिल इन्जिनियरिङका अध्ययनरत विद्यार्थी छात्रवृत्ति अन्तर्गत पवित्रा माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०८० साल देखि भर्ना भइ नियमिति अध्ययनरत ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङका तपसिलका विद्यार्थीहरुलाई विद्यालयको सिफारिस अनुसार तोकिए अनुसारको रकम विद्यालयमा निकासा दिने निर्णय गरियो।<br><br>
<table>
<tr><th>क्र.स</th><th>विद्यार्थीको नाम</th><th>छात्रवृत्ति रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>टोप प्रसाद पौडेल<br>बन्दीपुर-१</td><td>रु.५००००</td><td></td></tr>
<tr><td>२.</td><td>अमन घले<br>बन्दीपुर-१</td><td>रु.५००००</td><td></td></tr>
<tr><td>३.</td><td>सुजन बि.क<br>बन्दीपुर-२</td><td>रु.५००००</td><td></td></tr>
<tr><td>४.</td><td>अतित के.सी<br>बन्दीपुर -३</td><td>रु.५००००</td><td></td></tr>
<tr><td>५.</td><td>कन्चन सुनार<br>बन्दीपुर ५</td><td>रु.५००००</td><td></td></tr>
</table></td></tr>
<tr><td>६.</td><td>वजेट माग गर्ने सम्बन्धमा।</td><td>गोहोरे कल्चोक, वाचे गाउँ मोटर मार्ग लाई आ.व ०८३/०८४ को वार्षिक वजेटमा समावेश गर्न भौतिक पूर्वाधार र शहरी विकास मन्त्रालयमा रु ३ (तिन)करोड माग गर्ने निर्णय गरिन्छ।</td></tr>
<tr><td>७.</td><td>सार्वजनिक सुनुवाइ सम्बन्धमा।</td><td>वन्दीपुर गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम २०८२ चैत्र २० गते वन्दीपुर गा.पा प्राङ्गणमा राख्ने निर्णय गरियो।</td></tr>
<tr><td>८.</td><td>खानेपानी सुविधा सम्बन्धमा वडा नं. १।</td><td>बन्दीपुर गाउँपालिका वडा नं. १ उपल्लोफाँट ज्यामीरे खोल्सि, खानेपानी सुविधाको लागि ८ कोइल १ इन्चको पाइप "पाईप खरीद" शिर्षक वाट खरीद गर्ने निर्णय गरीन्छ।</td></tr>
<tr><td>९.</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>(१) वन्दीपुर गा.पा वडा ४. निवासि प्रेम सिंह गुरुङहरुको आर्थिक अवस्था अत्यन्तै कमजो भएको र निजको औषधी उपचारको लागि गा.पा वाट ५०,०००/- सहयोग गर्ने निर्णय गरीन्छ।<br>(२) वन्दीपुर ४ फिलिम हल टोलमा २०८२/०९/२९ गते वेलुका ७ वजे आगलागि भएको तपशिल वमोजिम क्षती भएको सुनील कुमार श्रेष्ठ घर लाई रु ३०,०००/- तीस हजार राहत उपलब्ध गर्ने निर्णय गरीन्छ।<br>(३) वन्दीपुर-३ रामकोट निवासी इसरा थापालाई क्यान्सर भएकोले निजलाई रु १५,०००/- सहयोग गर्ने निर्णय गरीन्छ।<br>(४) वन्दीपुर-२ पिपलथोक निवासी दिल कुमारी राना स्तन क्यान्सर भएकोले आर्थिक सहयोग १५,०००/- गर्ने निर्णय गरियो।</td></tr>
</table>

नि. प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर,तनहुँ गण्डकी प्रदेश,नेपाल | (५) वन्दीपुर-६ घमलछाप निवासी वर्ष ५६ को चिज कुमारी गुरुङ लाई क्यान्सर भएकोले आर्थिक सहयोग रु १५,०००/- गर्ने निर्णय गरियो। |
| १०. | चिजकुमार विष्णुकुमारी सामुदायिक क्याम्पस विद्यार्थी छात्रवृत्ति सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा शिक्षा युवा तथा खेलकुद शाखामा विनियोजित गरिब तथा जेहन्दार छात्रावृत्ति व्यवस्थापन अन्तर्गत चिजकुमार-विष्णुकुमारी सामुदायिक क्याम्पसमा शैक्षिक सत्र २०८२ साल भर्ना भइ नियमिति अध्ययनरत तपसिलका विद्यार्थीहरुलाई क्याम्पसको सिफारिस अनुसार तोकिए अनुसारको रकम सम्बन्धित क्याम्पसमा निकासा दिने निर्णय गरियो। |

| क्र.स | विद्यार्थीको नाम | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|
| १. | सरस्वती नेपाली | रु.१९५०० | |
| २. | बन्दना राना | रु.१९५०० | |
| ३. | सलिमा मिया | रु.२१७०० | |
| ४. | सिता चेपाङ | रु.२१७०० | |
| ५. | मिनिता कुमाल | रु.१९५०० | |

| | | |
|---|---|---|
| ११. | खानेपानि सरसफाई स्वस्च्छता सम्बन्धि गणक सम्बन्धमा। | गण्डकी प्रदेश सरकार उर्जा, जलस्रोततथा खानेपानी मन्त्रालयको मिति २०८२/१०/०४ को पत्रानुसार बन्दीपुरगाउँपालिकाको वास योजना (WASH Plan) निर्माणको लागि बन्दीपुर गाउँपालिकाभित्रको खानेपानि योजना, विद्यालयको सरसफाई, सार्बजनिक शौचालय, समुदायको सरसफाईको अवस्थाको अध्ययनको लागि घरधुरि तथ्याङ्क र खानेपानि प्रणालिको सर्वेक्षणको कार्य भई रहेको र आ.ब २०८२-०८३ को सुरु संगै बर्षात भएको र सर्बेकोकाम स्थगित गरिएको हुदा उक्त सर्बेक्षणलाई नियमित गर्न गणक सुमन पाटा मगरबैदेशीक रोजगारमा जानु भएको र अतिस श्रेष्ठ मात्रले काम समयमा सम्पन गर्न नसकिनेअवस्था आएको हुदा थप ३ जना गणकको विज्ञापन गरि नियुत्ति संगै सम्झौता गरिसर्बेक्षणलाई निरन्तर दिई वास योजना बनाउने प्रकृया अगाडि बढाउने निर्णय गरियो। |
| १२. | गरिव परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धमा। | नेपाल सरकार भुमि व्यवस्था, सहकारीतथा गरिबी निवारण मन्त्रालयको मिति २०८२/११/०८ पत्रानुसार बन्दीपुर गाउँपालिकाका गरिब परिवार पहिचान तथा परिचय पत्र वितरणको लागि तय भएको<br>निर्देशिका, २०७५ (पहिलो संशोधन) को दफा ३२ अनुसार Digital Survey (डिजिटलसर्बेक्षण) गर्नको लागि ७ जना गणक राख्नु पर्ने भएको हुदा गणकको लागि विज्ञापन गरिनियुक्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। |
| १३. | साना सिचाई सम्बन्धमा। | बन्दिपुर गाउँपालिका कृषि शाखा अन्तरगत ७०-३० प्रतिशत अन्तरगतको साना सिचाई कार्यक्रमको लागि तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो। (विवरण तालिका नं. १) |

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| १४. | विद्यालय मर्मत तथा बालविकास सुदृढिकारण कार्यक्रम अनुदान सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा शिक्षा,युवा तथा खेलकुद शाखामा विनियोजित विद्यालय मर्मत तथा बालविकास सुदृढिकारण कार्यक्रम अनुदान अन्तर्गत विनियोजित रु.१०,००००० रकमलाई शिक्षा समितिको सिफारिस अनुसार तपसिलको विद्यालयहरुलाई तोकिए अनुसारको कार्यको लागि रकम विनियोजित गर्ने तथा योजना सम्झौता मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो । |

| क्र.स | विद्यालयको नाम | योजना रकम | कैफियत |
|---|---|---|---|
| १. | शिब माध्यमिक विद्यालय | रु.२००००० | |
| २. | अरुण माध्यमिक विद्यालय | रु.१००००० | |
| ३. | विष्णु माध्यमिक विद्यालय | रु.१००००० | |
| ४. | भगेरी आधारभूत विद्यालय | रु.१००००० | |
| ५. | झरगाउ आधारभूत विद्यालय | रु.१००००० | |
| ६. | दिल आधारभूत विद्यालय | रु.१००००० | |
| ७. | जगदिश्वर आधारभूत विद्यालय | रु.१००००० | |
| ८. | जनता आधारभूत विद्यालय | रु.१००००० | |
| ९. | देउराली आधारभूत विद्यालय | रु.१००००० | |

| | | |
|---|---|---|
| १५. | एक माध्यमिक विद्यालय एक सिप अनुदान कार्यक्रम । | बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा शिक्षा,युवा तथा खेलकुद शाखामा विनियोजित एक माध्यमिक विद्यालय एक सिप अनुदान कार्यक्रम अन्तर्गत विनियोजित रु.४,०००००रकमलाई शिक्षा समितिको सिफारिस अनुसार तपसिलको विद्यालयहरुलाई तोकिए अनुसारको कार्यको लागि रकम विनियोजित गर्ने तथा योजना सम्झौता मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो । |

| क्र.स | विद्यालयको नाम | योजना रकम | कैफियत |
|---|---|---|---|
| १. | पवित्रा माध्यमिक विद्यालय | रु.२००००० | |
| २. | विष्णु माध्यमिक विद्यालय | रु.२००००० | |

नि. प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

<table>
<tr>
<td>१६.</td>
<td>विद्यालयमा पुस्तकालय ,e-लाइबेरी विज्ञान प्रयोगशाला कार्यक्रम अनुदान सम्बन्धमा।</td>
<td>बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखामा विनियोजित कार्यक्रम अन्तर्गत विनियोजित पुस्तकालय ,e-लाइबेरी .विज्ञान प्रयोगशाला कार्यक्रम अनुदान अन्तर्गत रु.१०,००००० रकमलाई शिक्षा समितिको सिफारिस तथा विद्यालय प्रस्ताव अनुसार तपसिलको विद्यालयलाई तोकिए अनुसारको कार्यको लागि रकम विनियोजित गर्ने तथा योजना सम्झौता मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>योजना रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>पवित्रा माध्यमिक विद्यालय</td><td>रु.१००००००</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

नि. प्रमुख प्रशासकीय अधिकृत

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner